
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत २ गते बिहीबार ❑ 16 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## दुईवर्षे श्रम स्वीकृतिको प्रावधान हट्यो, सम्झौता अवधि तोकी स्वीकृति दिइने

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

सरकारले वैदेशिक रोजगारीका क्रममा लिनुपर्ने श्रम स्वीकृतिको दुईवर्षे प्रावधान हटाएको छ।

प्रधानमन्त्रीस्तरीय निर्णयबाट सो व्यवस्था हटाइएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ।

अबदेखि गन्तव्य मुलुकबाट प्राप्त गरेको कार्य अनुमति/रोजगारदाता र श्रमिकबीच भएको कार्य सम्झौताको आधारमा सोही अवधि तोकी श्रम स्वीकृति दिने व्यवस्था भएको छ । यसअघि वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति दिँदा रोजगारदाता र श्रमिकबीच भएको श्रम सम्झौता र गन्तव्य मुलुकबाट प्राप्त कार्य अनुमति/सम्झौताको अवधिलाई भन्दा सबैलाई दुई वर्षको श्रम स्वीकृति दिँदै आइएको थियो।

निश्चित अवधिका लागि मात्र श्रम स्वीकृति जारी हुँदा श्रमिकको कार्य अवधि र भिषा अवधि छदै श्रम स्वीकृतिका कारणबीचमा नै नेपाल फर्किनुपरेको, विदेशमा बस्दा पनि आफ्नो मुलुकले दिएको श्रम स्वीकृतिको अवधि ननघाइ बस्नुपर्ने अवस्था देखिएको थियो। सरकारले गन्तव्य मुलुकमा रहेका नेपाली कूटनीतिक नियोगबाट नै पुनः श्रम स्वीकृति दिने व्यवस्थासमेत गरेको मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले जानकारी दिनुभयो । वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १७ (ग) मा पुनः श्रम स्वीकृतिको व्यवस्था गरिएको छ।

सो व्यवस्था प्रभावकार ीरुपमा कार्यान्वयनमा नआएको कारण विदेशमा कार्यरत नेपाली श्रमिकले धेरै दुःख पाएको, पुनः स्वीकृति लिन पनि पुनः नेपाल आउनुपर्ने भएको र पुनः श्रम स्वीकृति नभएको बेला भवितव्य परी मृत्यु भएमा मृत्यु भएका बखत पाउने राहत, उद्धारलगायत सुविधा कानुनबमोजिम प्राप्त गर्न नसक्ने अवस्था थियो।

## उद्यमी महिलाका लागि विनाधितो पाँच लाख दिन्छौं : उपप्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत



पोखरा महानगरपालिकाकी उपप्रमुख मञ्जुदेवी गुरुङले सामूहिक रूपमा उद्योग सञ्चालन गर्ने महिला उद्यमीलाई विनाधितो पाँच लाख दिने प्रतिवद्धता गरेकी छन्।

व्यवसाय प्रवर्द्धन केन्द्रद्वारा आयोजित १५ दिने गुडिया बनाउने तालिमको समापन समारोहमा प्रमाणपत्र वितरण गर्दै उपप्रमुख गुरुङले रुची र लगावलाई निरन्तरता दिदैं सिकेको सिपलाई आयआर्जनमा रूपान्तरण गर्न आग्रहग गरिन । वडा नं.८ का वडाध्यक्ष रुद्रनाथ बरालले सिप सिकेर उत्पादन गरेका समाग्रीलाई व्यवसायिक रूपमा विक्री वितरण गर्न सहयोग गर्ने बताए। गण्डकी बहुप्राविधिक शिक्षालयका निर्देशक लक्ष्मण तिमिल्सिनाले पाठ्क्रममा आधारित तह १ को तालिम भएकाले पाचौँ तहको जागिरका लागि योग्य हुने जानकारी दिए।

फागन १० गतेदेखि २५ गतेसम्म सञ्चालित १५ दिने गुडिया बनाउने तालिममा विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी अध्यक्ष तथा मुख्य प्रशिक्षक सविता श्रेष्ठ रञ्जितले गुडिया बनाउने तालिममा सिप हस्तान्तरणका लागि सहजीकरण गरेकी थिइन । तालिममा सहभागी शर्मिला सुवेदीले प्रशिक्षक राम्रो हुँदा १५ दिनको सिप सिकेर पनि आयआर्जनमा लाग्न सक्ने प्रेरणा मिलेको आफ्नो अनुभव सुनाएकी थिइन् । नारी परोपकार केन्द्रको समन्वयमा ३० जना महिलाले तालिम लिएको केन्द्रकी अध्यक्ष शारदा गिरीले जानकारी दिइन्।

आर्थिक विकास महाशाखाका प्रमुख मनोहर कडरियाको सभापतित्वमा सम्पन्न तालिम समापन समारोहमा सहकारी तथा उद्योग शाखा प्रमुख भरतराज पौडेलले स्वागत मन्तव्य राखेका थिए भने व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख कार्यकारी अधिकृत नवराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।

## उपराष्ट्रपति निर्वाचनमा राप्रपा तटस्थ बस्ने

**काठमाडौं**
पोखरा, १ चैत

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को केन्द्रीय कार्यसम्पादन समितिको बैठकले आसन्न उपराष्ट्रपति निर्वाचनको मतदानमा तटस्थ बस्ने निर्णय गरेको छ । पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनको अध्यक्षतामा केन्द्रीय कार्यालय धूम्रबाराहीमा

बसेको बैठकले सो पदको उम्मेदवारलाई मत नदिने निर्णय गरेको नेता राजाराम श्रेष्ठले बताउनुभयो ।बैठकले रासायनिक मलमा पाउँदै आएको अनुदान घटाउने निर्णय फिर्ता लिन, सुलभ ढङ्गले समयमै मल आपूर्तिको व्यवस्था मिलाउन र मल आपूर्ति समस्याको दीर्घकालीन समाधानका लागि देशभित्रै मल कारखाना स्थापनाको प्रक्रिया प्रारम्भ गर्न माग गरेको छ। हाल बैंकबाट ब्याज बढ्न थालेकाले साना उद्योगी, व्यवसायी, किसानलगायत सम्पूर्ण आर्थिक क्षेत्रमा नकारात्मक असर परिरहेकाले ब्याजदर तत्काल नियन्त्रण गर्न र देशमा वित्तीय सन्तुलन कायम राख्न बैठकले सरकारको ध्यानाकर्षण गराएको छ । बैंकको ब्याजदरकै विषयमा आन्दोलनरत व्यवसायीको माग तत्काल सम्बोधनका लागि सरकारसँग राप्रपा बैठकले माग गरेको छ।


**विश्व उपभोक्ता अधिकार दिवस भव्यरुपमा मनाऔं ।**

स्वच्छ ऊर्जा मार्फत उपभोक्ता सशक्तीकरण नाराका साथ विश्व उपभोक्ता अधिकार दिवस मनाऔं । उपभोक्ताको स्वचछ र गुणस्तरीय वस्तु वा सेवा उपभोग अधिकारको सुनिश्चित गरौ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## पोखरामा चितुवाको आक्रमणमा परी दुई युवा घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत



पोखरामा चितुवाको आक्रमणमा परी दुई जना युवा घाइते भएका छन्। घाइते हुनेहरुमा कास्कीको रुपा गाउँपालिका-४ निवासी २८ वर्षीय श्रीकृष्ण मल्ल ठकुरी र पोखरा १८ का ३२ वर्षीय राजु तिमिल्सिना रहेका छन्।

घाइते दुबै जना खतरामुक्त भएको मेट्रोसिटि अस्पताल श्रोतले जनाएको छ। चितुवाको आक्रमणमा परी तिमिल्सिनाको गाला, निधार र टाउकोमा चोट लागेको छ भने ठकुरीको ढाड र हातमा सामान्य चोट लागेको स्थानियले बताए। तिमिल्सिनाको टाका समेत लगाइएको छ।

पोखरा महानगरपालिका वडा नम्बर १८ भकुण्डेस्थित तुल्सी कुन्ज इको एण्ड वेल भिलेज कालिज फार्ममा अचानक छिरेको कालिज बिहान दुई जना कामदारलाई झम्टेसंगै केही घण्टामै मृत अवस्थामा भेटिएको फार्म संचालक मध्यका एक धुर्व थापाले बताए । हावाहुरीका कारण कालिज फार्म नजिक एक स्थानमा बाँस ढल्केको कारण त्यस ठाँउबाट चितुवा मंगलबार राति नै कालिज फार्ममा पसेको हुन सक्ने उनले बताए । बुधबार बिहान ५:०० बजे फार्म भित्र चितुवा छिरेको देखेसंगै आफुहरुले नेपाल प्रहरी, डिभिजन वन कार्यालय कास्की लगायतका निकायमा जानकारी गराएर चितुवा खोजि गर्दा आफ्नो फार्ममै मरेको अबस्थामा चितुवा भेटिएको संचालक थापाले बताए । चितुवा कसरी मर्‍यो त भन्ने हाम्रो प्रश्नमा संचालक थापाले चितुवा फार्मबाट बाहिर भाग्ने क्रममा पर्खालमा ठोकिएर मरेको हुन सक्ने प्रतिकृया दिए । तर चितुवाको शारीरमा भने कुनै घाउ तथा चोट पटक नभएको प्रहरीले जनाएको छ । कालिज फार्ममा पसेको चितुवाले दुई जना कामदारलाई झम्टेसंगै उक्त चितुवा मृत अबस्थामा भेटिनु रहस्यमय चितुवाको मृत्यु भएको वडा प्रहरी कार्यालय बैदामका डीएसपी वेद प्रसाद जोशीले बताए । मृत अबस्थामा भेटिएको चितुवा डिभिजन वन कार्यालयले थप अनुसनधानको लागि लगेको छ । डिभिजन वन कार्यालय कास्कीका सूचना अधिकारी शालिकराम पराजुलीले मानिसलाई आक्रमण गरेको चितुवा एकाएक मृत अबस्थामा भेटिनु अनौठो भएको बताए। आफ्नो ३२ वर्ष जागिरको शिलशिलामा यस्तो घटना थाहा नपाएको उनले बताए। चितुवाको शव पोष्टमार्टमको लागि भेटेरेनरी अस्पतालमा लगेकोले त्यसको रिपोर्ट आएपछि मात्र मृत्युको कारण पत्ता लाग्न सक्ने सूचना अधिकारी पराजुलीले बताए । स्थानीय, प्रहरी र वन कार्यालयको सहितको टोलीले चितुवा खोजि गर्दा कालिज फार्मको झाडीमा मरेको अबस्थामा भेटिएको प्रहरीले जनाएको छ। पोखरामा पनि केही समयदेखि चितुवाको आतंक बढ्न थालेको छ।

## स्ववियु निर्वाचन : तडकभडक बिना प्रचारप्रसार

**रासस**
काठमाडौं, १ चैत

त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि विद्यार्थी सङ्गठनले प्रचारप्रसार तीव्र पारेका छन्।


ठूला आङ्गिक क्याम्पसमा विद्यार्थी सङ्गठनहरुले आ-आफ्नो पक्षमा प्रचारप्रसारलाई तीव्र पारेका हुन् । यसपटकको निर्वाचनमा स्ववियु आचारसंहितामा कडाइ गरेकाले उम्मेदवारले पर्चा, पम्पलेट एवं माइकिङ गर्न पाएका छैनन्।

त्रिविले पनि प्रचारप्रसार गर्नका लागि रङ्गरोगन र कुनै पनि प्रकारको पोष्टर टाँस्न नपाइने गरी आचारसंहिता बनाएपछि निर्वाचनमा यसपटक तडकभडक देखिएको छैन। आचारसंहितामा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र कुनै प्रकारको पोष्टर टाँस्न नपाइने उल्लेख गरिएको छ। त्रिवि केन्द्रीय क्याम्पस, अमृत साइन्स क्याम्पस, शङ्करदेव क्याम्पस, नेपाल ल क्याम्पस, नेपाल कर्मश क्याम्पसलगायत ठूला क्याम्पसमा चुनाव प्रसारप्रसार शान्त वातावरण भइरहेको छ । आचारसंहिताले निर्वाचनलाई व्यवस्थित बनाएपछि उम्मेदवारले सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गरिरहेका छन् । उम्मेदवारले आफ्नो पक्षमा माहोल बनाउनका लागि भेटघाटलाई तीव्र पारेका छन् । यस्तै उम्मेदवारले आफ्नो निर्वाचन घोषणापत्र र उम्मेदवारको नामावली 'एफो' साइजको कागजमा एकै रङ्ग भएको पर्चा मात्र प्रचारप्रसार गर्न पाइने आचारसंहितामा उल्लेख गरिएको छ । त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले आचारसंहितामा कडाइ गरेपछि निर्वाचनमा तडकभडक नभएको बताउनुभयो । "उम्मेदवारले कुनै पर्चा, पम्पलेटजस्ता निर्वाचन सामग्री बनाउने बन्देज गरिएको छ", उहाँले भन्नुभयो, "त्यसैले यसपटकको निर्वाचनमा तडकभडक छैन ।" उम्मेदवारले भोलि चैत २ गते राती १२ बजेसम्म मात्र प्रचारप्रसार गर्न पाउने आचारसंहितामा उल्लेख छ। उहाँले उम्मेदवारको प्रचारप्रसारका लागि सम्बन्धित क्याम्पसले एउटा कार्यक्रम गरी परिचयात्मक कार्यक्रम गर्ने र उक्त कार्यक्रममा एक अर्काप्रति आक्षेप वा आरोप लगाउन नपाइने व्यवस्था गरिएको जानकारी दिनुभयो। यस्तै स्ववियु निर्वाचन हुने क्याम्पसमा प्रहरीलाई पनि तैनाथ अवस्थामा राखिएको छ। बिहानदेखि साँझसम्म शान्त वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि अहिलेदेखि नै प्रहरी परिचालन गरिएको छ।

नेपाल प्रहरीका प्रवक्ता पोषराज पोखरेलले देशभरिका क्याम्पसमा सुरक्षा व्यवस्था मजबुद बनाइएको बताउनुभयो । उहाँले


बाँकी अन्तिम पृष्ठमा ▶▶





# पोखरामा तेश्रो रेवान कप टेनिस शुरु

पोखरापत्र संवाददाता
पोखरा, १ चैत



कास्की जिल्ला टेनिस संघको आयोजना तथा रेवान पोखराको मुख्य प्रायोजनमा पोखरामा तेश्रो रेवान कप टेनिस प्रतियोगिता शुरु भएको छ।

रेवान पोखराका पूर्वाध्यक्ष गोपीबहादुर भट्टराईले टुर्नामेण्ट डाइरेक्टर शक्ति शर्मालाई बल हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गरे।

प्रतियोगिताको उद्घाटन खेलमा माधव भण्डारीले नारायण पहारीलाई ६-७, ६-० र सुपरटाईमा १०-२ ले पराजित गरे। प्रतिस्प्रधात्मक खेलमा पहिलो सेट हारेका भण्डारीले खेलमा कमब्याक गर्दै दोश्रो र तेश्रो सेट आफ्नो पक्षमा परेका हुन्। अर्को खेलमा आयोजक संघका उपाध्यक्ष समेत रहेका नविन चालिसेले अक्ष थापालाई ६-२, ६-० को सेटमा पराजित गरे। त्यस्तै अन्य खेलहरुमा कर्ण तामाङले पदम गुरुङ (लेकसाइड) लाई ६-२, ६-१ ले, पदम गुरुङ (नदीपुर) ले बीरेन्द्र लामालाई ६-४, ५-७ र सुपरटाईमा १०-३ ले, विकाश गुरुङ (हडकड) ले इन्द्र गुरुङ (चाउथे) लाई ६-०, ६-१ ले तथा लक्ष्मण तामाङले अमृत कार्कीलाई ७-६, ६-३ ले पराजित गरे।

बुधबारनै भएको खेलमा विनोद कायस्थले के.वि.तामाङलाई ६-२, ६-० ले, अनुज कुमार बाँस्तोलाले दुर्गा सुनारलाई ६-१, ६-० ले शरण गुरुङले लोक गुरुङलाई ६-१, ६-४ ले, उज्वल तज्याले सिरोज कोइरालालाई ६-३, ६-१ ले पराजित गर्दै दोश्रो चरणमा स्थान बनाए। यसअघि नवप्रवेशीतर्फको फाइनलमा दुर्गा सुनारले सिरोज कोइरालाई ६-२, ६-२को सेटमा पराजित गर्दै विजेता बनेका थिए।

प्रतियोगिताको उद्घाटन समारोहमा बोल्दै कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक गुरुङले कास्कीमा टेनिस गतिविधीलाई चलायमान बनाउन तथा नयाँ खेलाडीहरुलाई टेनिस तर्फ आकर्षित गर्न प्रतियोगिता महत्वपूर्ण रहेको बताए। रेवान पोखराका अध्यक्ष नरेश भट्टराईले पोखरामा खेल पर्यटन विकासका लागि रेवानले वर्षेनी यो प्रतियोगिता गर्दै आएको जनाए।

आगामी ५ गते सम्म सञ्चालन हुने प्रतियोगितामा सिंगलतर्फ ३२ र डबलसतर्फ १६ टिमले भाग लिएका छन्। प्रतियोगितामा विजयी हुने खेलाडीले नगद १० हजार सहित ट्रफि तथा द्वितिय हुने खेलाडीले नगद ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन्।

# स्ववियु...

निर्वाचनसम्मका लागि प्रत्येक क्याम्पसबाहिरसुरक्षाकर्मीतैनाथका साथ खटेर सुरक्षा व्यवस्था गरिरहेको बताउनुभयो। "अहिलेसम्म छिटफुट घटनाबाहेक त्यस्तो कुनै घटना घटेको छैन", उहाँले भन्नुभयो, "स्ववियु निर्वाचन यसपटक अलि व्यवस्थित भएको छ।" अनेरास्वविय (क्रान्तिकारी) का महासचिव दिपेश पुनले आचारसंहितामा कडाइ गरेकाले चुनावी प्रचारप्रसार शान्त भएको बताउनुभयो। उहाँले उम्मेदवारले सामाजिक सञ्जालमार्फत प्रचार गरिरहेको बताउनुभयो। त्रिवि केन्द्रीय क्याम्पसमा अनेर स्वविकुका तर्फबाट स्वविय अध्यक्षका उम्मेदवार प्रशान्त विष्टले उम्मेदवारी दिएसँगै प्रचारप्रसारलाई तीव्रता दिएको बताउनुभयो। उहाँले निर्वाचन आचारसंहिताका कारणले आफूहरुले पनि तडकभडक नगरेको बताउनुभयो। स्वविय निर्वाचन केही क्याम्पसमा भर्ना विवादको कारणले रोकिएको छन्। उपत्यकाका त्रिचन्द्र क्याम्पस, आरआर क्याम्पस, पाटन संयुक्त क्याम्पस विश्वभाषा क्याम्पसमा भने निर्वाचन प्रक्रिया अगाडि बढ्न सकेको छैन।

अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने छन्। स्वविय निर्वाचनका लागि मतदान चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको छ।



झाँकी प्रस्तुतीः
पोखरामा जारी भजन चुड्का प्रतियोगितामा बुधबार झाँकी प्रस्तुत गर्दै कलाकार। तस्बिरः रासस

# टेम्पल ट्री १३ औं वर्षमा

रञ्जिता आचार्य /समिक्षा गौतम
पोखरा, १ चैत



पोखराको लेकसाइडमा रहेको टेम्पल ट्री रिसोर्ट एण्ड स्पाले सञ्चालनको १२ औं वर्ष पुरा गरेको छ।

टिपिकल पश्चिमी नेपालको ढाँचा झल्किने डिजाइनमा बनेको रिसोर्ट स्विमीङ पुल, हेल्थ क्लब, स्पा, सेमिनार हल, रेष्टुरेण्ट, बार तथा सुन्दर बगैंचाले सजिएको छ। विभिन्न अर्न्तराष्ट्रिय सोसल मिडिया तथा साइटहरुले यो रिसोर्टलाई उत्कृष्ट रिसोर्टको सूचीमा राखेको छ। त्यस्तै, बुकिङ डट कमले पनि यो रिसोर्टलाई वर्षेनी उत्कृष्ट स्टार प्रदान गर्दै आएको छ। १३ औं वर्ष प्रवेशका अवसरमा रिसोर्ट सञ्चालकहरुविच शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ। रिसोर्ट सञ्चालन समितिमा बसन्त गौतम अध्यक्ष, चन्दन कायस्थ प्रवन्ध निर्देशक तथा निर्देशकहरुमा मोनिका ज्यान्तीले, रञ्जन कायस्थ, प्रेम श्रेष्ठ र विमल नहर्की रहनुभएको छ। रिसोर्टमा हाल सय बढी कर्मचारीहरु कार्यरत छन्। यसै अवसरमा रिसोर्टले कर्मचारीहरुमा उत्प्रेरणा जगाउन भेटघाट तथा छलफल एवं समिक्षात्मक कार्यक्रम पनि गरेको छ।

# विमान दुर्घटना जाँच आयोगको म्याद थपियो

पोखरापत्र संवाददाता
पोखरा, १ चैत

सरकारले यति एयरलाइन्सको विमान दुर्घटना अध्ययन गर्न गठित 'विमान दुर्घटना जाँच आयोग'को म्याद ४५ दिन थप गर्ने निर्णय गरेको छ। गत फागुन ३० मा बसेको मन्त्रिपरिषद् को बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जानकारी दिनुभयो।

सरकारले गत माघ १ मा पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय जाँच आयोग गठन गरेको थियो। आयोगलाई ४५ दिनको समयावधि तोकिएको थियो।

दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटना दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो। आयोगका सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बास्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इन्जिनियर एकराजजङ्ग थापा हुनुहुन्छ। आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने हुनुहुन्छ।

# बेनी नगरको उत्कृष्ट लोगो बनाउनेलाई २५ हजार पुरस्कार

पोखरापत्र संवाददाता
म्याग्दी, १ चैत

म्याग्दीको बेनी नगरपालिकाले आफ्नो प्रतीक चिह्न (लोगो) बनाउनेलाई रु २५ हजार दिने भएको छ।

नगरपालिकाले मङ्गलबार एक सूचना जारी गर्दै नगरपालिकाको प्रष्ट पहिचान झल्किने गरी लोगो निर्माण गर्न इच्छुक व्यक्तिका लागि सार्वजनिकरूपमा आह्वान गरेको हो। लोगो निर्माण गर्दा बेनी नगरपालिकाको नाम, पहिचान र नेपालको झण्डा अनिवार्य हुनुपर्ने तथा कुनै पनि जातीय विभेद, साम्प्रदायिकता, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतामा आँच आउने सङ्केत प्रयोग गर्न नपाइने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ढोलकराज ढकालले बताउनुभयो।

उहाँले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र लोगो बनाएर खामबन्दीमार्फत नगरकार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने बताउनुभयो। छनोट समितिले उत्कृष्ट लोगो छनोट गर्ने र छनोटमा परेका डिजाइनकर्तालाई एक कार्यक्रम गरी सम्मान गरिने सूचनामा उल्लेख छ।

# पृथ्वी इतिहास तथा संस्कृति विभागद्वारा नवआगन्तुक विद्यार्थीलाई स्वागत एवं अभिमुखीकरण

पोखरापत्र संवाददाता
पोखरा, १ चैत



इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पसले स्नातकोत्तर तहमा भर्ना भएका नयाँ विद्यार्थीलाई स्वागतका साथै अभिमुखीकरण कार्यक्रम गरेको छ।

विभागका प्रमुख बसन्त पराजुलीले इतिहास विषयको परिचय र महत्वका विषयमा प्रकाश पारेका थिए। 'बाहिरबाट हेर्दा इतिहास भन्नासाथ राजा, महाराजा, सम्राट र शासकहरुको जीवनी र गाथालाई मात्र लिने गरिन्छ। तर, आज इतिहास युद्धको वर्णन र आविष्कार हरूको घटनामा मात्र सीमित छैन।' पराजुलीले भने- 'इतिहासले विगतबारे जानकारी दिन्छ। अनुभव र पाठले वर्तमानमा सही दृष्टिकोण तयार गर्न मद्धत मिल्छ।' डा. दीर्घमान गुरुङले विद्यार्थीलाई सक्रिय र क्रियायाकलापमुखी बन्न अनुरोध गर्दै इतिहास विगतका ज्ञानको व्यवस्थित निरन्तरता भएकाले भरपूर उपयोग गर्न सुझाव दिए।

सहप्राध्यापक अर्जुनबहादुर भण्डारीले आलोचनात्मक चिन्तन गर्न सक्ने, सामयिक क्षमता र कौशल भएका जागरुक नागरिक बन्न सकिने भएकाले इतिहास विषयको रोजाई सही भएको उल्लेख गरे। भण्डारीले अब राजा महाराजाको वृतान्त भन्दा समयसापेक्ष विषयमा ज्ञान लिन जरुरी रहेकोमा जोड दिए।

उपप्राध्यापक चन्द्रकान्त पौडेलले सही तरिकाले इतिहास पढ्न सक्यौं भने उपयोगी र ऐतिहासिक काम गर्ने बानी बसाल्ने बनाए। सूचनाको स्रोत पत्ता लगाउन र तिनको समीक्षा गर्न उनीहरू बढी निपुण हुने र प्रमाण तथा कथनहरूको सत्य पहिचान र मूल्याङ्कन गर्ने तरिका पनि उनीहरूले जान्ने बताए।

उपप्राध्यापक नारायणप्रसाद ढकालले इतिहास तथ्य र प्रमाणसहित हुने र विनातथ्य इतिहास नबन्ने भएकाले सही शिक्षा नै इतिहास भएको ठम्याए। उनले विश्वमा इतिहासको महत्व झन् झन् बढिरहेको उल्लेख गर्दै विश्वभर सबै विश्वविद्यालयहरूमा इतिहासको पढाइ हुने उल्लेख गरे। इतिहास विषयका प्राध्यापकहरूले पछिल्लो समय इतिहास विषयमा फेरि चाख बढ्दै गएको र विद्यार्थीको संख्यामा वृद्धि भएकोमा खुशी व्यक्त गरे।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुरानो प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति चैत २ गते बिहीबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसूत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन ०६१-५८९१९४, ९८४४३११९०४, ९८०६५७७७६५
नयाँ तथा पुराना बिरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

**सम्पादकीय**

# दुधको मूल्य बृद्धि

विश्व उपभोक्ता अधिकार दिवसकै दिन पारेर सरकारी स्वमित्वको दुग्ध विकास संस्थान (डीडीसी) ले दुधको मूल्य बढाएको छ । दूधको मूल्य लिटरमा ११ रुपैयाँले वृद्धि भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लिखित सहमतिमा बिहीबारदेखि लागू हुने गरी दूधको उपभोक्ता मूल्य बढाउने निर्णय गरिएको छादुग्ध विकास संस्थानले मूल्य बढाएर उपभोक्तालाई मार थपिदिएको छ । बढेको दूधको मूल्य बिहीबारदेखि लागू हुने संस्थानले जनाउ दिएको छ । अब डीडीसीको दूधको प्रतिलिटर मूल्य ८६ रुपैयाँबाट बढाएर ९७ रुपैयाँ कायम गरिएको छ। यस्तै सरकारले यस अघि वृद्धि गरेको दूधको किसान मूल्य पनि बुधबार १ चैतदेखि लागू गर्ने निर्णय गरिएको छ।

'संस्थान बोर्ड बैठकले मन्त्रालयको सिफारिसमा दूधको मूल्य ११ रुपैयाँले वृद्धि गर्ने निर्णय भएको छ । 'बढेको दूधको उपभोक्ता मूल्य बिहीबारदेखि लागू हुनेछ भने किसान मूल्य बुधवारदेखि कार्यान्वयनमा आउने निर्णय गरिएको छ। डीडीसीले बजारमा बिक्री गर्ने चार प्रकारका प्याकेटको दूधको मूल्य निर्धारण भने संस्थानको बोर्ड बैठक सकिएपछि हुनेछ। हाल संस्थानले स्ट्याण्डर्ड दूध प्रति ५ सय एमएल ४३ रुपैयाँ, फूल क्रिम प्रतिप्याकेट ५७ र गाईको दूधको मूल्य ५१ रुपैयाँ छ। यस्तै लो फ्याट चिया दूधको मूल्य ४० रुपैयाँ छ । संस्थानका अनुसार सबै दूधमा प्रति प्याकेट साढे ५ रुपैयाँ वृद्धि हुने देखिन्छ। तर, ठ्याक्कै कति बढ्यो भन्ने पर्खनुपर्नेछ।

सरकारले कृषिमा अनुदान र कृषकलाई राहत दिनुपर्नेमा अनुदान घटाउँदै छाकृषिमा सुधार ल्याउने कार्यक्रम नभएको सरकारले कृषकलाई राहतका कार्यक्रम ल्याउन वेवास्ता गर्दै आएको छ। घिउ, पनिर, दहीलगायतको मूल्य बढाउने विषयमा थप छलफल गरेर तोकिने तयारी छा उनले भने, 'दुग्ध पदार्थसँग जोडिएको मूल्य केही दिनमा सार्वजनिक गर्ने भएको छ।'


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| ककर्ट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## नामथर र जन्ममिति फरक परे तापनि व्यक्ति एउटै भएको सूचना



स्याङ्जा जिल्ला पेलाकोट गाविस वडा नं. ९ निवासी शिवलाल थापाको श्रीमती इमीसरा थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर अमिसरा देवी उल्लेख भई फरक-फरक अभिलेखमा फरक-फरक नामथर जन्ममिति भए तापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाविस कार्यालयको च.नं. १३०, मिति २०७१।०७।१३ को पत्रबाट लेखी आएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# कालोपत्र गर्ने काम जारी



रासस
मुस्ताङ, १ चैत

बहुचर्चित बेनी-जोमसोम- कोरोला सडक खण्डअन्तर्गत थासाङ गाउँपालिका-२ खन्तिगाउँदेखि घरपझोङ गाउँपालिका-३ र ४ जोमसोम काठेपुलसम्म कालोपत्र गर्ने काम जारी रहेको छ । गौरी- पार्वती/कोषी एन्ड न्यौपाने जेभीले सो काम सम्पन्न गरेको हो।

मुस्ताङको थासाङ गाउँपालिका-२ खन्तिगाउँदेखि घरपझोङ गाउँपालिका-३ र ४ जोमसोम काठेपुल जोड्नका लागि हाल कालोपत्रको काम धमाधम भइरहेको कम्पनीका प्रतिनिधि कमल भण्डारीले बताउनुभयो । उहाँले सरोकारवाला निकायले चासोका साथ सहयोग गरिरहनुभएको बताउनुभयो । उहाँले भन्नुभयो, "कालोपत्रको काम सक्ने बित्तिकै जोमसोम एयरपोर्टदेखि एक किलोमिटर ढलानको कामसमेत सुरु गर्नेछौँ ।" प्राविधिक रूपमा समस्या नआएमा असार मसान्तसम्म कालोपत्रसँगसँगै अन्य महत्वपूर्ण कामहरूसमेत सकाउने उहाँले बताउनभयो।काम सुरु भएको दिनदेखि नै स्थानीय निकाय, प्रशासन, स्थानीयवासी र आम सरोकारवाला निकायको भरपुर साथ र हौसला पाएको उहाँको जिकिर छ । चार नं प्याकेजअन्तर्गत १७ किलोमिटर सडक सम्पन्न गर्न हालसम्म ७० प्रतिशत काम सम्पन्न भइसकेको बेनी-जोमसोम- कोरोला सडक आयोजनाले जनाएको छ । हाल भइरहेको काम कालोपत्र र सडक ढलानको हो। यसमा १६ किलोमिटर अस्पताल पेमेण्ड कालोपत्र र एक किलोमिटर आरसिसी (रिजिट पेमेण्ड ढलान)गरिने बेनी- जोमसोम-कोरोला सडक आयोजनाका सब-इन्जिनियर तुलबहादुर गुरुङले बताउनुभयो।

उहाँको अनुसार कालोपत्र सम्पन्न गर्नका लागि रु ७० करोड ५२ लाख ५७ हजार लागत लाग्नेछ। चार नं प्याकेज (ठेक्का नं-४) मा हुन लागेको उक्त कालोपत्रको काम समयमै सकाउनका लागि आफू र आयोजनाको टिम लागिपरेको बताउनुभयो। उहाँले भन्नुभयो, "सधैँभरि सडकलाई दोष दिएर मात्र हुँदैन, जिल्लाका नियमनकारी निकाय, राजनैतिक दल, सरोकारवाला निकाय र सम्बन्धित स्थानका जनप्रतिनिधिले चासो दिनुपर्छ।"

विसं २०७३ चैत १ गतेदेखि सुरु भएको बहुचर्चित बेनी- जोमसोम-कोरोला सडक कठिन भू-बनोटका कारण पनि समयमै सकिननसकेको हो । म्याग्दीको बेनीदेखि मुस्ताङको थासाङ गाउँपालिका-४ घासा पुछार अर्थात् काभ्रे भिर र घोप्टे भिरसम्म कठिन भू-बनोटकै कारण सडक निर्माण कार्य ढिलाइ भइरहेको छ। यद्यपि, मुस्ताङको घासादेखि जोमसोमसम्म सडक निर्माण कार्यले भने तीव्रता पाएको छ। विगत केही वर्षयता कोभिड-१९ र बाढी पहिराका कारण काममा ढिलाइ भइरहेकाले गर्दा पनि मुस्ताङका जनतामा निराशापन छाएको थियो । सडक स्तरवृद्धि र कालोपत्रको काममा ढिलाइ अनि म्याद थप जस्ता अन्य धेरै कुराले गर्दा आम मुस्ताङवासीलाई दुःखी बनाएको थियो। अब भने सबै तह र तप्काका सरोकारवाला निकायले चासो दिँदा कामले गति लिएको छ।

यसैबीच, मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचेका वडाअध्यक्ष सुरेश थकालीले म्याद थप मात्रै गरिरहने तर काममा ढिलाइ गर्ने निर्माण कम्पनीलाई कारबाही गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "यदि कसैले विकासको काममा अवरोध गर्छ भने त्यसलाई पनि हदैसम्मको कारबाही गर्नेछौँ ।" बेनीदेखि कोरोला नाकासम्म सात खण्डमा भइरहेको काममध्ये हाल भइरहेको ३ नं प्याकेज शर्मा गजरमुखी जेबी र ४ नं प्याकेज गौरी-पार्वती/कोषी एन्ड न्यौपाने जेबीले चाहीँ भनेजस्तो आशालाग्दो काम गरिरहेको वडाअध्यक्ष थकालीले बताउनुभयो।


## निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति: २०७९/१२/०२)

यस विकास बैंकको शाखा कार्यालय बिर्घा, स्याङ्जामा खाता भएको हस्तबिर गाहाको नाति मनिकण्ठ गाहाको छोरा स्याङ्जा जिल्ला कालीगण्डकी ग.पा.वडा न.२ (साबिक आलमदेबी गा.वि.स. वडा नं.४) बसोबास भएको **श्री भबिश्वर गाहा**को नाममा यस शाखा कार्यालयमा बचत खाता नं. ०२४०१४००८१२७९९००००००१ रहेको र निजको मिति २०७९/१०/०८ मा मृत्यु भएकोले मिति २०७९/१०/२५ को कालिगण्डकी गा.पा. को दर्ता नं. २०२००७१३००४०२-२(मृत्यु दर्ता प्रमाणपत्र अनुसार) निज भबिश्वर गाहाको नाउँको खातामा इच्छाइएको व्यक्ति मृतकको पत्नि **छबिसारा गाहा राना** भएकोमा निजको समेत मिति २०७९/०७/२५ मृत्यु भएकोले सोहि गा.पा. ऐ.ऐ.ठेगानामा बसोबास गर्ने मृतकको छोरा **श्री जित बहादुर गाहा राना** (नाता प्रमाणितको प्रमाणपत्रमा उल्लेख गरे बमोजिम) ले कालीगण्डकी गा.पा.२ नं. वडा कार्यालयको सिफारिस सहित मृतक **भबिश्वर गाहा**को नाउँको यस विकास बैंकमा माथि उल्लेखित शाखामा रहेको खाताको रकम पाउँ भनी आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नुभएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सूचना प्रकाशन भएको मितिले **३५ दिनभित्र** यस विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समय भित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज निवेदक **जित बहादुर गाहा राना**लाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

शाखा कार्यालय : बिर्घा, स्याङ्जा, नेपाल, फोन: ०६३–६९०५३१


# मादी नदी नियन्त्रण : पहिलो 'प्याकेज'को काम सुरु

पोखरापत्र संवाददाता
तनहुँ, १ चैत

गण्डकी प्रदेश सरकारको आर्थिक सहयोगमा तनहुँको मादी नदी नियन्त्रण कार्यक्रमअन्तर्गत पहिलो 'प्याकेज'को निर्माण सुरु भएको छ।

अति जोखिम क्षेत्रमा रहेका व्यास नगरपालिका-६ को सिसाघाटदेखि चिन्तुटारसम्मको दूरीमा पहिलो प्याकेजको ग्याबिन बालसहितको बाँध निर्माण थालिएको हो । नदी नियन्त्रण कार्यका लागि दुई प्याकेजमा रु २८ करोड लागत अनुमान रहेकामा प्रदेश सरकारको रु १७ करोड विनियोजन गरेपछि निर्माण थालिएको हो।

उक्त कार्यका लागि कम्पनी सिद्धान्त अमनले ठेक्का सम्झौता गरी काम सुरु गरेको जलस्रोत सिँचाइ विकास डिभिजन कार्यालय तनहुँका डिभिजन प्रमुख रमेशराज शर्माले जानकारी दिनुभयो। दोस्रो प्याकेजअन्तर्गत माथिल्लो भतेरीबाट तल्लो भतेरी हुँदै मादीपुलसम्म नयाँ ठेक्काबाट करिब चार सय मिटर दूरीमा ग्याबिन वालसहितको बाँध निर्माण गरिनेछ । दोस्रो प्याकेजको निर्माण कार्य पनि छिट्टै सुरु गर्ने गरी एमआर ग्रुपले ठेक्का सम्झौता गरेको उहाँले बताउनुभयो।

त्यसैगरी, गत वर्ष मादीनदीमा आएको बाढी कटान गरी जिल्लाको सदरमुकाम दमौली बजार उच्च जोखिममा परेपछि मादीनदी किनारमा ग्याबिन वालसहितको बाँध निर्माण गरिएको छ। पृथ्वीराजमार्ग सडक खण्डअन्तर्गत तनहुँको व्यास-३ स्थित मादीपुलदेखि मादीनदी किनारमा करिब दुई सय ५२ मिटर दूरीमा ग्याबिन वालसहितको बाँध निर्माण गरेको हो।

यस आवको असार मसान्तभित्र सम्पन्न गर्ने गरी गत वर्ष एमआर ग्रुप चितवनले निर्माणको जिम्मा पाएको हो । गण्डकी प्रदेश सरकारले रु दुई करोड ५० लाख बजेट विनियोजन गरेपछि निर्माण कार्य भइरहेको छ । निर्माण अन्तिम चरणमा पुग्दा पनि बजेट निकासामा ढिलाइ हुँदा हालसम्म रु २० लाख मात्रै भुक्तानी गर्न सकिएको उहाँले बताउनुभयो । समुन्द्री सतहबाट चार मिटर उचाइको 'ग्याबिन वाल' लगाइएको छ।

# बजार छैन नागबेली झारको

पोखरापत्र संवाददाता
पर्वत, १ चैत

कुनै समय वनमा खेर गइरहेको नागबेली झार बिक्री गरी मनग्य आम्दानी गरेका यहाँको विकट गाउँका बासिन्दा अहिले निराश छन् । सामुदायिक वनमा प्रशस्त मात्रामा पाइने झार बिक्री हुन छाडेपछि स्थानीय निराश बनेका हुन्।

जिल्लाको जलजला गाउँपालिका-९ बनौ, ५ लेखफाँट, ६ शालिजा तथा मोदी गाउँपालिका-१ भुकताङ्ले र वडा नं ४ क्याङमा यो झार प्रशस्त मात्रामा पाइन्छ। नागबेली झारबाट उत्पादित पाउडर विभिन्न विदेशमा आयात गर्न थालेपछि उत्साहित बनेका उपभोक्ता पछिल्लो दुई वर्षयता विदेशी कम्पनीहरू सम्पर्कमा नआएपछि निराश बनेका छन्।

उपयोगिता बुझ्दै गएपछि केही वर्ष सामुदायिक वनसँग आबद्ध उपभोक्ताहरूले सामूहिक रूपमा नागबेली सङ्कलन गरी बिक्री वितरण गरे पनि आजकल बिक्री हुन छाडेको छ । अहिले लाखौँ मूल्यको यो झार वनमै कुहिएर जान थालेको मोदी गाउँपालिका-४ का अगुवा कृषक नरसिंह पुनले बताउनुभयो । स्थानीय स्तरमा लहरे झार, सिन्धुरे, वनमाला, सिमाल लगायतका नाममा परिचित यस झारलाई विगतका समयमा विवाह व्रतबन्ध लगायतका कार्यहरूमा गेट सजाउने कामबाहेक अन्य काममा उपयोग हुन पाएको थिएन। त्यही झारको कोसाबाट विभिन्न शृङ्गारका सामग्रीहरू बन्ने थाहा पाएपछि स्थानीयले चार वर्षसम्म राम्रो आम्दानी लिन सफल भएका थिए । स्थानीय कमेरे तथा छहरे पाखा सामुदायिक वन उपभोक्ता समूह क्याङका सदस्य श्याम प्रकाश पुर्जाका अनुसार अहिले बिक्री हुन छाडेपछि सङ्कलन गर्न पनि छाडिएको छ। मोदी-४ क्याङका तीनवटा सामुदायिक वन समूहले छुट्टाछुट्टै समूहमा नागबेली कोसा सङ्कलनमा गर्ने गरेका थिए । यसरी सङ्कलन गरिएको कोसालाई घाममा सुकाएर उक्त कोसालाई प्रशोधन गरी पाउडर बनाएर बिक्री गरिने पुनले बताउनुभयो। पुनका अनुसार पाँच वर्षअघि लोहोसे सामुदायिक वन उपभोक्ता समूह खुइजुरीबाट दुई सय किलो र छहेरे तथा कमेरा पाखा वन समूहबाट एक सय ५० किलो पाउडर उत्पादन गरी बिक्री गरिएको थियो। चिसापानी वन समूह लेस्पारले भने कोसा नै बिक्री गरेको थियो । यसरी बिक्री गर्दा प्रतिकिलो सात सयदेखि आठ सय रुपैँयासम्म रकम आम्दानी हुने गरेको थियो।

विभिन्न देशमा निर्यात हुने नागबेली झारको कोसाबाट निस्कने मसिनो पाउडरबाट कण्डम,ग्लोभ्स तथा ब्युटीपार्लरका सामग्री उत्पादन हुने भएकाले माग बढ्दै गएको थियो । जलजला-९ बनौका वडाअध्यक्ष गौबहादुर पुनले नागबेली झारको बिक्री केही वर्षसम्म राम्रो भए पनि अहिले भने माग नआएको बताउनुभयो । डिभिजन वन कार्यालय पर्वतका अनुसार पर्वतमा रहेको नागबेली झारबाट १० टनभन्दा बढी पाउडर उत्पादन गर्न सकिन्छ। नागबेली झारको कोसा सङ्कलनका लागि सामुदायिक वन उपभोक्ता महासङ्घमार्फत डिभिजन वन कार्यालयबाट वन समूहले निकासीका लागि अनुमति लिनुपर्ने प्रावधान थियो।

सोही अनुरुप नेपाल सरकारले तोकेको न्यूनतम मूल्यमा उक्त पाउडर निकासी गर्न अनुमति प्रदान गर्ने गरिएको भए पनि यसको माग आउन छाडेपछि सङ्कलन कार्यसमेत रोकिएको डिभिजनल वन अधिकृत विष्णु अधिकारीले बताउनुभयो।

# दिगो पर्यटनका लागि एशिया प्यासिफिक क्षेत्रीय कार्यशाला सुरु

रासस
काठमाडौं, १ चैत

एशिया प्रसान्त क्षेत्र र दक्षिण एशियाको दिगो पर्यटन विकासका लागि साझा अवधारणा बनाउने उद्देश्यले एशिया प्यासिफिक क्षेत्रीय कार्यशाला काठमाडौंमा सुरु भएको छ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विश्व पर्यटन सङ्गठन (युएनडब्लुटिओ) को आयोजना सुरु भएको तीन दिवसीय कार्यशालामा कोभिडले थलिएको पर्यटन उद्योगको विकास, विस्तार गर्न नयाँ गन्तव्यस्थलको खोजी गरी त्यसको विकास र विविधीकरण, पर्यटकीय पूर्वाधारको विकास, यस क्षेत्रमा लगानी अभिवृद्धिलगायत विषयमा छलफल र आगामी रणनीति तय गरिने जनाइएको छ।

'दक्षिण एसियामा राम्रो पर्यटनका लागि राम्रो तथ्याङ्क' विषयक क्षेत्रीय कार्यशालामा नेपाल, भारत, बङ्गलादेश, मलेसिया, माल्दिप्स, इन्डोनेसिया, इरान, फिलिपिन्स, कम्बोडिया, लाओस, कोरिया, थाइल्याण्ड, स्पेनलगायत ११ देश तथा युएनडब्लुयुटिओका प्रतिनिधिको सहभागिता रहेको छ।

संयुक्त राष्ट्र सङ्घअन्तर्गत विश्व पर्यटन सङ्गठनले विश्व पर्यटनका विभिन्न आयाममा छलफल तथा पर्यटन उद्योगलाई चलायमान गराउन विभिन्न क्षेत्रमा यस प्रकारका कार्यक्रम गर्दै आइरहेकोमा यो क्षेत्रीय कार्यक्रम नेपालमा आयोजना गरिएको हो।

कार्यशालाको उट्घाटन सत्रमा पर्यटनमन्त्री सुदन किरातीले कोभिडले थलिएको पर्यटन उद्योगको विकास, विस्तार गर्न नयाँ गन्तव्यस्थलको खोजी गरी त्यसको विकास र विविधीकरणमा ध्यान दिनुपर्ने खाँचो औँल्याउनुभयो। उहाँले पर्यटकीय पूर्वाधारको विकास, यस क्षेत्रमा लगानी बढाउनुका साथै पर्यटन उद्योगलाई ग्रामीण तहसम्म विकास र विस्तार गर्नुपर्ने बताउनुभयो।

पर्यटनमन्त्री किरातीले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा पर्यटन क्षेत्रको प्रवर्द्धनमार्फत सङ्ख्यात्मक तथा गुणात्मकरूपमा पर्यटक आगमनमा वृद्धि गरी प्राप्त लाभको समन्यायिक वितरण गर्ने कार्यको पनि थालनी गर्न सबैले आआफ्नो ठाउँबाट प्रयास गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले नेपालमा यो कार्यशाला योजना गरेकोमा युएनडब्लुयुटीओलाई धन्यवाद ज्ञापन गर्नुभयो।

नेपालमा आयोजना गरिएको यो कार्यक्रमका माध्यमबाट हामीले विश्व पर्यटनका नयाँ आयामका बारेमा थप जान्न तथा अनुभव आदानप्रदान गर्ने र दिगो पर्यटन विकासमा साझा धारणा तय गर्ने अवसर मिल्ने आयोजकको अपेक्षा छ।

कार्यक्रममा संयुक्त राष्ट्रसङ्घअन्तर्गत विश्व पर्यटन सङ्गठनका बाह्य सम्बन्ध निर्देशक बेका जकेलीले पछिल्लो समय पर्यटनको आयाम परिवर्तन हुँदै गएको सन्दर्भमा पर्यटकीय योजना तर्जुमा देखि प्रवर्द्धनात्मक कार्यका लागि गुणस्तरीय तथ्याङ्क आवश्यक हुने बताउनुभयो।

# पोखरामा खुल्यो सुविधासम्पन्न 'हेयर एन्ड शान्ति'

**प्रतिक्षा पौडेल/रन्जिता आचार्य**
पोखरा, १ चैत

पोखरा भन्नेबित्तिकै धेरैको दिमागमा ताल, हिमाल, कला, साहित्य र लाहुरे लगायत आइहाल्छ । लाहुरेसँगै पोखरा भन्नेबित्तिकै सम्झिने यहाँको फेसन र जीवनशैली पनि हो । पश्चिमा संस्कृति होस् वा परम्परागत, पोखराले नयाँनयाँ पन खोजिरहन्छ ।

पोखरेली तन्नेरी पुस्ता अरुभन्दा आफूमा फरकपन आभाष गर्नकै लागि सौन्दर्यमा पनि उत्तिकै ध्यान दिन्छन् । यहाँको फेसनदेखि जीवनशैलीलाई पछ्याउँदै पोखरामा सौन्दर्यको नयाँ ब्राण्ड थपिएको छ - हेयर एन्ड शान्ति । केश सज्जा र सौन्दर्यमा २ दशभन्दा लामो अनुभव बटुलेको हेयर शान्तिको पोखरामा खुलेका ११ औं शाखा हो । साढे एक करोड रुपैयाँ लगानीमा खुलेको हेयर शान्ति पोखरा न्युरोडमा फागुन २८ गतेदेखि सञ्चालनमा आएको हो । चिप्लेढुंगादेखि करिब सय मिटर तल पोखरा सेन्ट्रल कप्लेक्सको दोस्रो तलामा खुलेको सैलुनमा महिला तथा पुरुष दुवैले सेवा लिन सक्ने हेयर शान्तिकी निर्देशक अनुजा श्रेष्ठले जानकारी दिइन् । पोखरा शाखामा हेयर कट, कलरिङ, केराटिनजस्ता केश सज्जाका सेवा तथा मेनिक्योर-पेडिक्योर, नेल आर्टलगायत अनुहार र




सौन्दर्यसँग सम्बन्धित सम्पूर्ण सेवा उपलब्ध हुने हेयर श्रेष्ठको भनाइ छ । 'सौन्दर्यको क्षेत्रमा देशका अन्य ठाउँमा सफल भइसकेपछि हामीले पोखरालाई पनि उपयुक्त गन्तव्य मान्यौं । त्यसैले अहिले पोखरेलीलाई भरपर्दो र गुणस्तरीय सौन्दर्य प्रशाधनका सामग्रीसहित खुलेका छौं,' निर्देशक श्रेष्ठले भनिन्, 'सुरुआतमा यहाँबाट कपाल वा सौन्दर्यका कुनैपनि सेवा लिएवापत २५ प्रतिशत छुटको व्यवस्था गरेका छौं ।' पोखरा शाखामा एकैपटक २५ जना सेवाग्राहीले सेवा लिन सक्नेछन् । हेयर एण्ड शान्तिले लोरेल, म्याट्रिक्स, लोटस, क्स्मारा, अरोमा, एडो, प्रोटेक जस्ता ब्रान्डेड सौन्दर्य प्रसाधन प्रयोग गर्ने गरेको निर्देशक श्रेष्ठ बताउँछिन् । '१० हजारको मेम्बरसिप बनायो भने १५ हजार बराबरको छुट, २५ प्रतिशत छूट पाइनेछ, यो अहिलेको ग्रान्ड अवसर पनि हो,' उनले भनिन् ।

हेयर शान्तिकी सिनियर हेयर ड्रेसर रुपा शाक्यले सेवाग्राहीको छाला, केशअनुसारमात्रै आफूहरुले सेवा दिने बताइन् । 'राम्रो राम्रो टेक्निसियन राखेका छौं । सबै भारतबाटै प्रशिक्षित हुनुहुन्छ । हाम्रो प्रोडक्ट पनि सबै भारतबाटै आउँछ । स्किन, हेयर विश्लेषण गरेरमात्रै सोहीअनुसार सेवा दिन्छौं,' उनले भनिन् । भारतको दिल्लीस्थित साउथ एक्सबाट सुरु सन् २००१ मा सुरु भएको हेयर एण्ड शान्तिले नेपालमा भने काठमाडौंको कमलादीबाट आफ्नो शाखा विस्तार गरेको हो । भारतमा यसको १२ वटा स्टोर सञ्चालनमा छन् । हेयर एण्ड शान्तिका काठमाडौंको ठमेल, नक्साल, नयाँ बानेश्वर, ललितपुरको जावलाखेल र चितवनको नारायणघाटमा शाखा खुलिसकेका छन् । 'अब केही समयमा नै धनगढीमा १२ शाखा विस्तार गर्ने तयारीमा छौं,' उनले भनिन् ।

# नयाँनयाँ उडान गन्तव्यमा जोडिँदै पोखरा

- रामबहादुर थापा
गण्डकी, १ चैत

हवाई मार्गबाट देशका ठूला सहरसँग पोखरा जोडिएको छ । वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सङ्घीय राजधानी काठमाडौँसहित पाँच गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन् ।

हाल पोखरालाई काठमाडौँ, भरतपुर, भैरहवा, नेपालगञ्ज र भद्रपुरसँग हवाई सञ्जालले जोडेको छ । कोभिड-१९ महामारी जस्ता कारणबाट बन्द उडान सेवा पनि पुनः सञ्चालन गर्ने तयारीमा हवाई सेवा कम्पनी छन् ।

यसअघि पोखराबाट धनगढी, विराटनगर, सिमरा र जनकपुरमा पनि सिधा उडान हुँदै आएको थियो । हवाई यात्रुको आउजाउ घटेपछि ती गन्तव्यमा उडान सेवा रोकिएको थियो । पर्यटकीय गतिविधि पूर्ववत् स्थितिमा फर्कन थालेसँगै पोखरा आउने यात्रुको चाप बढ्ने विश्वास लिइएको छ । आन्तरिकसँगै विदेशी पर्यटकको आवागमनलाई लक्ष्य गरी सीमा क्षेत्र नजिकका सहरसँग पोखराको हवाई सम्पर्क स्थापित गरिएको हो । गत साता मात्रै निजी वायुसेवा प्रदायक कम्पनी बुद्ध एयरले पोखरा-भद्रपुर सिधा उडान सुरु गरेको थियो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख विक्रम गौतमले पोखराको पर्यटनमा आशलाग्दो अवस्था देखिएको बताउनुभयो । "म आफैँ काठमाडौँदेखि फर्कंदा जहाजमा झन्डै आधा यात्रु विदेशी देखेँ, यो हाम्रा लागि सुखद खबर हो", उहाँले भन्नुभयो । विमानस्थल प्रमुख गौतमले पर्यटकको चापलाई हेरेर विमान कम्पनीले उडान थपघट गर्ने बताउनुभयो । "यात्रु नपाए एयरलाइन्सले सेवा विस्तार गर्ने कुरा हुँदैन, पर्यटक बढे उडान थपिन्छ, नयाँ गन्तव्य पनि विस्तार हुन्छ", उहाँले भन्नुभयो । पछिल्लो समय आन्तरिक हवाई यात्रुको सङ्ख्या पनि बढ्दो छ । कोभिडकालदेखि सुरक्षित यात्राका लागि पनि कतिपयले हवाई मार्ग रोज्न थालेका हुन् । नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका अध्यक्ष हरिराम अधिकारीले हवाई सञ्जाल विस्तारले पोखराको पर्यटनमा महत्वपूर्ण टेवा पुग्ने बताउनुभयो । "हवाई मार्गबाट नयाँनयाँ गन्तव्यमा पोखरा जोडिनु भनेको पोखराको पर्यटन उकासिनु हो", उहाँले भन्नुभयो, "केही महँगो परे पनि छिटो र सहज यात्राका लागि पर्यटकले हवाई मार्ग रोज्छन्, पोखरा हवाई यात्राका लागि सुरक्षित छ भन्ने सन्देश दिनुपर्छ ।"

अध्यक्ष अधिकारीले 'नाट्टा'कै पहलमापोखराबाटविभिन्नप्रदेशका सहरसम्म हवाई उडान सुरु गरिएको बताउनुभयो । "कोभिडलगायत कारणले केही ठाउँमा नियमित हुन सकेको छैन, पर्यटक चाप हुन थालेपछि विमान कम्पनीले फेरि उडान सुरु गर्छन्", उहाँले भन्नुभयो । पोखरामा भारतीय र चिनियाँ पर्यटक बढी आउँछन् । चीनले कोभिड-१९ महामारी थामिएपछि हालै गन्तव्य देशका रूपमा नेपाललाई राखेको छ । चीनको सो निर्णयबाट पोखरा घुम्न आउने चिनियाँ पर्यटक बढ्ने अपेक्षा लिइएको छ । भद्रपुर, जनकपुर, सिमरालगायत सीमा छेउका सहरबाट सिधा उडान हुँदा भारतीय पर्यटक सहज रूपमा पोखरा भित्रने व्यवसायी बताउँछन् ।

"सडक यातायातबाट घण्टौँ लाग्ने गन्तव्यमा हवाई मार्गबाट केही छिनमै पुग्न सकिने अवस्था छ, नेपालको बाटोघाटो पनि त्यति स्तरीय छैन", नाट्टा गण्डकीका अध्यक्ष अधिकारीले भन्नुभयो, "पोखराबाट देशका मुख्य गन्तव्यसम्म नियमित उडान सेवाको सुनिश्चितता गर्नुपर्छ, यसमा राज्यको पनि सोच र योजना चाहिन्छ ।" बुद्ध एयरका स्टेसन म्यानेजर गौतम बरालले धनगढीलगायत ठाउँमा पुनः उडान थाल्ने तयारी भए पनि आधिकारिक जानकारी नआएको बताउनुभयो । "अहिले बुद्ध एयरले पोखराबाट पाँच सहरमा उडान गर्दै आएको छ, यात्रुको माग भए अन्यत्र पनि सेवा विस्तार हुँदै जान्छ", उहाँले भन्नुभयो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी विष्णु अधिकारीले पोखराबाट हालै रात्रिकालीन उडान पनि सुरु भएको जानकारी दिनुभयो । उहाँका अनुसार बुद्ध एयरले काठमाडौँ, भद्रपुर, भैरहवा र नेपालगञ्जबाट पोखरामा रात्रिकालीन उडान भर्न थालेको हो । चारै गन्तव्यबाट आएका जहाजले पोखरामा रात्रि विश्राम गर्ने र भोलिपल्ट सम्बन्धित गन्तव्यमा फर्कने गरेको विमानस्थलका अधिकारीको भनाइ छ । रात्रिकालीन उडान सेवाले पोखराको पर्यटन र अर्थतन्त्रको उत्थानमा टेवा पुग्ने विश्वास लिइएको छ ।

उक्त विमानस्थलमा गत फागुन ११ गते इन्स्ट्रमेन्ट फ्लाइट रुल्स (आइएफआर) प्रणाली लागू भएसँगै रात्रीकालीन उडान सुरु भएको हो । गएको अङ्ग्रेजी नयाँ वर्षका दिन उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तरदेशीय उडान भने अझै सुरु हुन सकेको छैन ।

# मध्यपहाडी राजमार्ग : घोडाबाधे-हटिया खण्डमा धमाधम मर्मत

**पोखरापत्र संवाददाता**
बागलुङ, १ चैत

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको मध्यपहाडी पुष्पलाल राजमार्गको बागलुङ खण्ड कतै कालोपत्रे गर्न बाँकी छ भने कतै कालोपत्रे भइसकेको खण्ड उप्किएर क्षत्विक्षत् छ । राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको उक्त सडक बागलुङमा पर्ने एक सय ४२ किलोमिटरमध्ये जिल्ला सदरमुकाम बागलुङ बजार खण्ड अझै कालोपत्र हुनसकेको छैन ।

अन्य खण्ड कालोपत्र भइसकेको लोकमार्गको घोडाबाधेदेखि हटियासम्मको सडक कालोपत्र भएको सात वर्षमै बिग्रिएको छ । अहिले उक्त खण्ड मर्मतका लागि पुन ः ठेक्का सम्झौता भएर धमाधम काम भइरहेको मध्यपहाडी पुष्पलाल राजमार्ग आयोजना कार्यालय पर्वतले जनाएको छ । दुई वर्षअघिदेखि घोडाबाधेदेखि हटियासम्मको २० किलोमिटर सडक बाढीपहिरोका कारण क्षत् विक्षत् भएपछि अहिले धममाधम मर्मतको काम चलिरहेको मध्यपहाडी पुष्पलाल राजमार्ग आयोजना कार्यालय पर्वतका प्रमुख नारायणदत्त भण्डारीले जानकारी दिनुभयो ।

"घोडाबाँधे-हटियास्थित कालोपत्र सडक जीर्ण भएपछि भदौदेखि मर्मतको काम भइरहेको छ, अहिले ६० प्रतिशत मर्मतको काम सकिएको छ, धेरै स्थानमा पूर्वाधारको काम भइरहेको र असारसम्म सडक उप्किएको भागमा सडक कालोपत्र सम्पन्न गर्ने गरी अगाडि बढेका छौँ" उहाँले भन्नुभयो, "रु १४ करोड लागतमा यसै चालु आर्थिक वर्षमा लगाइएको ठेक्का अनुसार अहिले धमाधम सडक मर्मतको काम भइरहेको छ ।" कालोपत्र गर्न बाँकी स्थानमा कालोपत्रका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने, कालोपत्र बिग्रिएको स्थानमा कालोपत्रका ग्राभेल गर्ने, नाली, कल्भर्ट निर्माण गर्ने, घुम्ती सडक ढलान गर्ने र आवश्यक स्थानमा पहिरो रोकथामका लागि पक्की पर्खाल लगाउने कार्य भइरहेको मध्यपहाडी पुष्पलाल राजमार्ग आयोजनाले जनाएको छ । रु २० करोड लागत आनुमानको कालोपत्र सडक मर्मत ठेक्का रु १४ करोडमा जोशी निर्माण सेवासँग चालु आर्थिक वर्षमै सम्झौता गरिएको थियो । निर्माण सेवाले असारसम्म सडक कालोपत्र सम्पन्न गर्ने गरी मर्मत सहितको कालोपत्र सडक बनाउने ठेक्का सम्झौतामा गरेको हो । घोडाबाधेदेखि हटियासम्मको सडक मध्यपहाडी राजमार्गको बागलुङ खण्डमापर्ने सडकमध्ये सबै भन्दा पहिला कालोपत्र गरिएको खण्ड हो । उक्त घोडाबाँधेदेखि हटियासम्मको सडक आर्थिक वर्ष २०७१/७२ मा कालोपत्र सम्पन्न भए पनि हालसम्म सडक विभागलाई हस्तान्तरण नहुँदा सडकले संरक्षण पाउन सकेको थिएन । "सडक कालोपत्र भइसकेपछि सडकको मर्मत सम्भार र हेरचाह सडक विभागले गर्ने हो, मध्यपहाडी राजमार्गको सबै खण्ड कालोपत्र नभएकाले हस्तान्तरणको प्रक्रियामा हुँदा समस्या भयो, आयोजनाले सडक मर्मत गर्न मिल्दैन" आयोजनाप्रमुख भण्डारीले भन्नुभयो "कालोपत्र गरेर छोडेको सडक मर्मत सम्भार नहुँदा पहिरो जाने, नाली बिग्रने गर्दा ठूलो क्षति पुगेको थियो, करिब ५० प्रतिशत सडक बिग्रिएको अवस्थामा मर्मतका लागि ठेक्का आह्वान गरेर काम अगाडि बढेको हो, असारसम्म उक्त खण्ड चिटिक्कपर्ने छ ।"

लोकमार्गमा डिजाइन भइरहेको कालोपत्र सबैभन्दा सस्तो कालोपत्र सडक भएकाले समयमै कालोपत्र सडक मर्मत गर्न आवश्यक रहेको आयोजनाका प्राविधिक बताउँछन् । कालोपत्र भएको सडक सात वर्षमा क्षत् विक्षत् हुँदा सडक जीर्ण बनेपछि सवारीसाधन सञ्चालनमा निकै सास्ती भएको सवारीचालक रमेश पौडेलले गुनासो गर्नुभयो ।

"सडक कालोपत्र भएपछि टिक्नपर्ने हो, भिरालो जमिन भएर समेत होला, सडक कतै-कतै मात्र कालोपत्र देखिन्छ, जाततै खाल्टाखुल्टी भएको समस्या छ" उहाँले भन्नुभयो "अहिले सडक मर्मत तथा कालोपत्रका लागि काम भइरहेको छ, जिल्ला सदरमुकाम जस्तो कालोपत्र नहुँन भन्दा मर्मत पछि सडक राम्रो बन्नेमा आशावादी छौँ ।"

गलकोट खण्डमा बर्खाको समयमा नाली व्यवस्थापन नहुँदा सडकमा भल भगेर कालोपत्र सडक नोक्सानी गरेको गलकोट नगरपालिकाका प्रवक्ता तथा गलकोट नगरपालिका-२ का वडाध्यक्ष हेमन्त भण्डारीले बताउनुभयो ।

उहाँका अनुसार अहिले सडक मर्मतले तीव्रता पाएसँगै उक्त खण्ड पुनः नयाँ हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

उक्त सडक मर्मत तथा कालोपत्रसँगै सडक डिभिजन कार्यालयलाई हस्तान्तरण गर्ने तयारी मध्यपहाडी राजमार्ग आयोजना कार्यालय पर्वतको छ । लोकमार्गबाट अस्तव्यस्त ग्रामीण सडक निर्माण गर्दा, सडक निर्माणमा लापरबाही र कालोपत्र सडकको निरन्तर मर्मत सम्भार नहुँदा तीन वर्षदेखि उक्त कालोपत्र खण्डमा समेत यात्रुलाई यात्रा गर्दा निकै सास्ती हुँदै आएको छ ।

कालोपत्र उप्किएर यात्रा गर्न निकै समस्या भएको छ भने दैनिक सयौँ साना तथा ठूला सवारी साधन गुड्ने सडकको अवस्था जीर्ण बन्दा यात्रुले सास्ती खेप्दै आएका छन् । बिहुँदेखि जिल्ला सदरमुकाम सम्मको खहरे सम्मको १४ किलोमिटर सडक भने ठेक्का लगाएको ६ वर्षसम्म कालोपत्रे हुनसकेको छैन ।

# निफमा पैँतिस देशका ९५ चलचित्र

**रासस**
काठमाडौं, १ चैत

काठमाडौँमा हुने नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को छैटौँ संस्करणमा ३५ देशबाट ९५ चलचित्र सहभागी हुनेछन् । 'विश्वभरका कथाको उत्सव' नारासहित महोत्सव चैत २ गतेदेखि ६ गतेसम्म चल्ने महोत्सवका अध्यक्ष केपी पाठकले काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

"महोत्सवका चलचित्रलाई क्युएफएक्स चेनअन्तर्गतका चार हलमा देखाउँदैछौँ । यस्तै अन्तर्क्रिया र छलफलसम्बन्धी कार्यक्रम पर्यटन बोर्डको प्रेक्षालयमा हुनेछ", अध्यक्ष पाठकले भन्नुभयो, "रचनात्मक कार्यक्रमलाई विशेष महत्व दिँदै चलचित्र क्षेत्र र सम्बन्धित विधाका विज्ञले अन्तर्क्रिया गर्दैछन् ।" महोत्सवमा सात विधामा १४ पुरस्कार वितरण हुने जनाइएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लामा छोटा, डकुमेन्ट्री तथा एनिमेटेड चलचित्र प्रतिस्पर्धामा छन् ।

चिनियाँ फिल्म एकेडेमीकी प्राध्यापक ली रानले 'चिनियाँ फिल्मको भाष्य, बुझाइ र विश्वकै ठूलो फिल्म बजार' विषयमा र भारतीय निर्देशक प्रेमेन्द्र मजुमदारले घरेलु चलचित्र विषयमा मास्टरक्लास दिनेसमेत अध्यक्ष पाठकले जानकारी दिनुभयो ।

यस्तै निफमा प्राध्यापक इटामी बोर्जनको मास्टरक्लास, भूराजनीतिमा चलचित्रको भूमिका, नेपाली दर्शकको विकासक्रम, चलचित्र नीति ः नीति मात्रै कि व्यवहार पनि, चलचित्र कास्टिङ ः महत्व र अभ्यास, हास्यव्यङ्ग्यले हौसिएको नेपाली चलचित्र र आमा नायिका ः जिम्मेवारी र करिअरजस्ता विषयमा अन्तर्क्रिया तथा छलफल चलाइनेछ ।

# बालविवाह मुद्दामा कैद फैसला

**रासस**
दमौली, १ चैत

बालविवाह मुद्दामा तनहुँ जिल्ला अदालतले पाँच अभियुक्तलाई कैद फैसला सुनाएको छ । जिल्ला न्यायाधीश हरिशचन्द्र ढुङ्गानाको इजलासले पाँच अभियुक्तलाई कैद फैसला सुनाएको हो ।

पाँचै अभियुक्तलाई जनही १८ दिनको कैद फैसला भएको तनहुँ जिल्ला अदालतका स्रेस्तेदार मीनबहादुर कुँवरले जानकारी दिनुभयो । साथै उनीहरूविरुद्ध जनही रु दुई हजारका दरले जरिवाना भएको छ । व्यास नगरपालिका-५ का प्रकाश श्रेष्ठ, तुलसीकुमार श्रेष्ठ, व्यास-६ का महादेवबहादुर गिरी, भद्रबहादुर श्रेष्ठ र एक महिलालाई कैद र जरिवानाको फैसला भएको हो । जबर्जस्ती करणीसमेत रहेको उक्त मुद्दामा बेहुलाले सफाइ पाएका छन् ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९८४/०५/१५

स्वर्गारोहणः
वि.स. २०७९/११/२८

स्वः नन्दकली (सन्तकुमारी) भुजेल

हाम्री ममतामयी पुजनीय माता **नन्दकली (सन्तकुमारी) भुजेल** को ९५वर्षको उमेरमा भएको असामयीक दुःखद निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ । उहाँको स्वर्गारोहण भएको आज ५औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**जेठी बुहारीः डिल माया भुजेल**
**माइला छोरा बुहारीः राम बहादुर/उजेली भुजेल**
**साइला छोरा बुहारीः काली बहादुर/ देउमाया भुजेल**
**कान्छी बुहारीः प्रतिमा प्रधान भुजेल**
**छोरी ज्वाइँः निर्मला/ खेम बहादुर घर्ती**
**एवम् ८ नातीहरू/ ६ नातिनी बुहारी**
**७ नातिनी/ ६ नातिनी ज्वाइँ**
**१५ पलाति, पलातिनीहरू**

## सम्पूर्ण भुजेल परिवार
**लेकसाइड खहरे, बङ्लादी**